गाउँ कार्यपालिकाको
मिति:- २०८१/०४/१५
(बैठक संख्या:- ०१-२०८१/०८२)

आज मिति २०८१ साल श्रावण १५ गते तदनुसार नेपाल संवत ११४४, दिल्लागा, दशमी मंगलबारका दिन बारेकोट गाउँपालिका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहायका प्रस्तावहरु उपर छलफल गरि निर्णयहरु गरियो।

उपस्थिति

| | |
|---|---|
| श्री वीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | उपाध्यक्ष |
| श्री ऐन बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री बीर बहादुर घर्ती | सदस्य गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य गाउँ कार्यपालिका |
| श्री डम्बर बहादुर महतारा | सदस्य गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका |
| श्री दान बहादुर शाही | सदस्य गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री लोक राज खत्री | सदस्य सचिव |
| श्री राम बहादुर शाही | गा.पा. अध्यक्ष ५ नं. वडा |
| श्री महेन्द्र बहादुर सिंह | वा. अध्यक्ष ४ नं वडा |

**आमन्त्रितहरु:**

| | |
|---|---|
| श्री राम बहादुर रोकाय | स्वास्थ्य शाखा प्रमुख |
| श्री भीम बहादुर चलाउने | पशु सेवा शाखा प्रमुख |
| श्री ऐन बहादुर कार्की | कृषि विकास शाखा प्रमुख |
| श्री राम बहादुर मल्ल | शिक्षा शाखा प्रमुख |
| श्री केशव बहादुर श्रेष्ठ | पूर्वाधार विकास शाखा प्रमुख |
| श्री खगेन्द्र बोहरा | रोजगार सेवा केन्द्र प्रमुख |
| श्री श्रम बहादुर सिंह | योजना शाखा प्रमुख |
| श्री लक्ष्मी रोकाय पुन | आर्थिक प्रशासन शाखा |
| श्री खिम बहादुर रोकाया | सूचना प्रविधि शाखा प्रमुख |
| श्री खिम बहादुर वि.क. | आन्तरिक लेखा परीक्षण शाखा प्रमुख |
| श्री घमण्ड गिरी | प्रशासन शाखा प्रमखु |
| श्री डम्वर बहादुर पुन | जिन्सी व्यवस्थापन शाखा प्रमुख |
| श्री देवेन्द्र शाही | न्यायिक समिति |
| श्री टिकाराज न्यौपाने | खानेपानी तथा सरसफाई शाखा प्रमुख |
| श्री राजेन्द्र सिंह | पञ्जिकरण शाखा प्रमुख |
| श्री गंगा शाही | उद्यमविकास शाखा प्रमुख |
| श्री पार्वती गिरी | महिला विकास शाखा प्रमुख |
| श्री जयराज गिरी | पोषण शाखा प्रमुख |
| श्री रुपराज पुन | व्यवि विकास प्रमुख |
| श्री नारायण सिंह | सचिवालय सहयोगी |
| श्री रेन ब. शाही | कार्यालय सहयोगी |
| श्री कौशी बुढा | – – |
| श्री गोविन्दबहादुर सिंह | ,, — ,, |
| श्री रुपाई | |

गाउँ कार्यपालिकाको
मितिः- २०८१/०४/१५

## बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः- ०१-२०८१/०८२)

प्रस्तावहरुः

१. कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. आ.व. २०८०/०८१ को समग्र कार्यक्रम तथा योजनाको वार्षिक समिक्षा सम्वन्धमा।
३. गाउँपालिकाको वार्षिक कार्यतालिका सम्वन्धमा।
४. नागरिक वडा पत्र सम्वन्धमा।
५. स्वास्थ्य संस्था तथा विद्यालयहरुले प्रतिवेदन पेश गर्ने सम्वन्धमा।
६. इन्टरनेट जडान सम्वन्धमा।
७. शैक्षिक प्रतिवेदन सम्वन्धमा।
८. विद्यालय व्यवस्थापन समिति पुनः गठन सम्वन्धमा।
९. कार्य सम्पादन करार सम्झौता सम्वन्धमा।
१०. व्याक्हो लोडर खरिद सम्वन्धी प्राविधिक स्पेसीफिकेशन सम्वन्धमा।
११. दिपेन्द्र माध्यमिक विद्यालयको खाता सञ्चालन सम्वन्धमा।
१२. आकस्मिक स्वास्थ्य सेवा सञ्चालनका लागि कर्मचारी व्यवस्थापन सम्वन्धमा।
१३. स्टाफ नर्स र अनमी पदको पदपूर्ती सम्वन्धमा।
१४. कार्यसम्पादन मूल्याङ्कन फाराम सुपरिवेक्षण सम्वन्धमा।

निर्णय नं. १

बारेकोट गाउँपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्वन्धमा छलफल गरियो। कार्यपालिका निर्णयलाई प्रभावकारी कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

निर्णय नं. २

आ.व. २०८०/०८१ मा बारेकोट गाउँपालिका अन्तर्गत शाखा, उप शाखा तथा विषयगत समितिहरुवाट सम्पादित कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन अवस्था भौतिक तथा वित्तीय प्रगति बारे समिक्षा गरियो। आगामी दिनमा योजना तथा कार्यक्रमहरु कार्यान्वय गर्न सम्वन्धित सबै सरोकारवालाहरुसँग सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तमा आधारित रहि गर्ने।

निर्णय नं. ३

आ.व. २०८१/०८२ को वार्षिक कार्यतालिका गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सबै वडा अध्यक्षहरु, सम्पूर्ण शाखा प्रमुखहरु लगायत सबै सरोकारवालाहरुबीच व्यापक छलफलमार्फत पारित गरियो। साथै आ.व. २०८१/०८२ को वार्षिक कार्यतालिका उपर

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः- ०१-२०८१/०८२)

व्यापक छलफल गरि पालिकाबाट सम्पादन हुने योजना तथा कार्यक्रमहरु तोकिएको समय भित्र कार्य सम्पन्न गर्न सम्बन्धित शाखा तथा निकायहरुलाई निर्देशन दिने।

निर्णय नं. ४

सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम गाउँपालिका तथा वडा कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई पारदर्शी, सरल, जवाफदेही, निश्चित समयमा, छिटो छरितो र पारदर्शी ढङ्गले कार्य सम्पादन गर्न आर्थिक ऐन २०८१ अनुसार मिति २०८१ साल श्रावण १ गते देखि लागु हुने गरि तयार गरिएको सार्वजनिक सेवा वडापत्र गाउँ कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुले अनिवार्य रुपमा सबैले सहजरुपमा देखिने स्थानमा राखी सोहि बमोजिम सेवा प्रवाह गर्ने।

निर्णय नं. ५

बारेकोट गाउँपालिका अन्तर्गत सञ्चालित अस्पताल, स्वास्थ्य संस्था, सामुदायिक र संस्थागत विद्यालयहरुले आर्थिक वर्षको अन्तमा आम्दानी नगदि किताबको प्रमाणित प्रतिलिपि सहित प्रतिवेदन र वार्षिक लेखा परीक्षण सम्पन्न गरि सो प्रतिवेदनको प्रमाणित प्रतिलिपि सहित बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको सम्वन्धित शाखा मार्फत आगामी कार्यपालिका बैठकमा पेश गर्ने।

निर्णय नं. ६

बारेकोट गाउँपालिका ८ नं. वडा कार्यालय, सेपुखोलामा वर्ल्डलिंक इन्टरनेट सेवा प्रदायक कम्पनीबाट जडान भएको २ एम.वि.पिस. क्षमताको इन्टरनेट सेवाबाट वडाका घटना दर्ता, राजश्व पोर्टल जस्ता अत्यावश्यकीय सफ्टवेयरहरु सञ्चालन गर्न कठिन भएको र वर्ल्डलिंक इन्टरनेटको नेटवर्क कभरेज भित्र ८ नं. वडा कार्यालय नरहेकोले नजिकै रहेको स्वास्थ्य चौकी सेपुखोलावाट सव डिभाइस राखि हाल सञ्चालन रहेको सेवा प्रभावकारी नभएकोले वर्ल्डलिंकसँगको सम्झौत रद्द गरि एभ्रेष्ट वायरलेस कम्पनीबाट १६ एम.वि.पि.एस. क्षमताको इन्टरनेट जडान प्रक्रिया अगाडि बढाउने।

निर्णय नं. ७

बारेकोट गाउँपालिका भित्र संञ्चालित सामुदायिक विद्यालयहरुको विद्यार्थी संख्या, शिक्षक संख्या, स्वीकृत दरवन्दी र पदपूर्तीको अवस्था, एउटा विद्यालय देखि अर्को विद्यालयवीचको दुरी, सञ्चालित कक्षा, भौतिक तथा सिकाइ उपलब्धी, गाउँपालिका शिक्षक कर्मचारीहरुको विवरण लगायत समग्र अवस्था झल्किने प्रतिवेदन शिक्षा, यूवा, तथा खेलकुद शाखावाट शिक्षा अधिकृत श्री राम बहादुर

मल्लबाट प्रस्तुत शैक्षिक सत्र २०८१ को शैक्षिक प्रतिवेदन स्वीकृत गरि आवश्यक प्रक्रिया अगाडि बढाउने।

निर्णय नं. ८

हिमालय आधारभूत विद्यालय गोठगाउँको विद्यालय व्यवस्थापन समितिले विद्यालयमा गर्नुपर्ने काम कार्वाही नियमित रुपमा नगरी विद्यालय प्रशासनलाई अस्तव्यस्थ बनाएको भन्ने सम्वन्धी बारेकोट गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको (दर्ता नं. २५१, मिति २०८१/०३/३०) गतेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालय व्यवस्थापन समितिको कार्यसम्पादन चित्तबुझ्दो नभएको र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री बविता सिंह आफै उक्त विद्यालयको अभिभावक समेत नरहेकोले विद्यालय व्यवस्थापन समिति पुनः गठनका लागि पत्राचार गर्ने।

निर्णय नं. ९

सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४, तथा नियमावली २०६५, निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५०, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकारद्वारा समय समयमा जारी निर्देशन एवं परिपत्रमा उल्लेखित प्रावधानका अतिरिक्त तोकीए बमोजिमका कार्यसम्पादन गर्न गाउँपालिका अध्यक्ष पहिलो पक्ष र प्रमुख प्रशासकीय अधिकृत दोस्रो र प्रमुख प्रशासकीय अधिकृत पहीलो पक्ष र विभिन्न शाखा प्रमुखहरु दोस्रो पक्ष रहने गरि कार्यसम्पादन करार सम्झौतामा गर्ने।

निर्णय नं. १०

बारेकोट गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तरर्गत रहेको व्याक्हो लोडर खरिदका लागि ईन्जिनियर श्री प्रेम प्रसाद सापकोटा (ने.ई.का.नं. २८५४ मेकानिकल ईन्जिनियर क्याटागोरी A) लाई प्राविधिक स्पेसीफिकेशन र लागत अनुमान, मूल्याङ्कन र प्राविधिक निरीक्षण सहितको प्रतिवेदनका लागि द्विपक्षीय सम्झौता गर्ने।

निर्णय नं. ११

बारेकोट गाउँपालिका वडा नं. ३ मुलसाममा सञ्चालित श्री दिपेन्द्र माध्यमिक विद्यालय मुल्सामको बैंक खाता सञ्चालन नभई विद्यालयको आर्थिक तथा प्रशासनिक कामकाज प्रभावित भएको हुँदा अर्को व्यवस्था नभएसम्मको लागि तत्काल शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख (शिक्षा अधिकृत) श्री राम वहादुर मल्ल र सोहि विद्यालयका निमित्त प्रधानाध्यापक श्री मान वहादुर शाहीको संयुक्त दस्तखतवाट खाता सञ्चालन गरि विद्यालयको आर्थिक कारोवार सूचारु गर्ने।



CamScanner

गाउँ कार्यपालिकाको
मिति:- २०८१/०४/१५

<u>बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०१-२०८१/०८२)</u>

**निर्णय नं. १२**

आधारभूत अस्पताल लिम्सामा आ.व. २०८१/०८२ का लागि बजेट तथा कार्यक्रममा छुट्याईएको नाइट भत्ताको रकमबाट तलब उपलब्ध गराउने गरि बढिमा २०८२ असार मसान्त सम्मका लागि एक (१) जना अ.न.मी., एक (१) जना अ.हे.व. र एक (१) जना रात्रीकालिन सुरक्षा गार्डको लागि सम्पूर्ण प्रक्रिया पुरा गरी नियुक्ति गर्ने।

**निर्णय नं. १३**

नेपाल सरकारको स्वीकृत दरबन्दि अनुसार आधारभूत अस्पताल लिम्सामा रिक्त रहेको १ (एक) जना स्टाफनर्स र आधारभूत स्वास्थ्य केन्द्र मुलसाममा रिक्त रहेको १ (एक) जना अ.न.मी. पदको लागि खुल्ला विज्ञापन तथा परीक्षाद्वारा आवश्यक प्रक्रिया पुरागरि पदपूर्ति गर्ने।

**निर्णय नं. १४**

यस कार्यालयमा कार्यरत सहायक चौथो तहका स्थायी कर्मचारीहरुको आ.व. २०८०/०८१ को कार्यसम्पादन मूल्याङ्कन फाराम सुपरिवेक्षण र पुरावलोकन कार्यालयबाटै गर्ने र सहायक पाँचौं र अधिकृत स्तर छैटौं स्थायी कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन फारामहरुको सुपरिवेक्षण प्रमुख प्रशासकीय अधिकृतबाट पुनरावलकनको लागि जिल्ला समन्वय समिति समक्ष पेश गर्ने।

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत